# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ५६ औं बैठकका निर्णयहरू

## (२०७८ साउन १८ गते)

१. पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८, सहकारी अनुदान शिक्षा, तालिम र अन्य कार्यक्रम सञ्चालन कार्यविधि २०७८ र सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (प्रथम संशोधन), निर्देशिका, २०७७, विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि (प्रथम संशोधन), २०७५ र वडा शिक्षा समिति, सार्वजनिक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन कार्यविधि, २०७८ र कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७८ का सम्बन्धमा छलफल हुँदा सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

२. गत वर्षका अधुरा योजनाहरूको म्याद २०७८ पुस मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतले गरियो।

३. भरतपुर महानगरपालिका वडा नं ११ को नगरस्तरीय योजनामा रहेको मिलनरोड ढल निर्माण उपभोक्ता समिति शीर्षकमा विनियोजित रकम र उपभोक्ता समितिबाट गरी नाला निर्माणका लागि लागत स्टिमेट अनुसार सम्झौता भई कार्य काम सम्पन्न भएको कुरा प्राविधिकवाट सिफारिस भई आए बमोजिम योजनाको बाँकी रकमको ५० प्रतिशतले हुन आउने रकम रु ८८,७७०/- (अक्षेरुपीः अठासी हजार सात सय सत्तरी मात्र) सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता गरी नगरसभाबाट समर्थन गराउने निर्णय गरियो।

४. भरतपुर महानगरपालिका वडा न १ स्थित नारायणी नदी किनारमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले वाई फेवर साइलेन्स सर्भिस प्रा.लि. नामक संस्थालाई साङ्गेतिक कार्यक्रम गर्न अनुमति दिइएकोमा कोभिड १९ को महामारीको कारण नेपाल सरकारबाट मेला महोत्सव तथा विभिन्न साँस्कृतिक कार्यक्रम गर्न रोक लगाएकोकारण उक्त कार्यक्रम सम्पन्न हुन नसकेको हुँदा सो संस्थालाई रकम रु ४,०००/- (अक्षेरुपीः चार हजार मात्र) फिर्ता गरी नगरसभाबाट समर्थन गराउने निर्णय गरियो।

५. भरतपुर महानगरपालिका वडा नं ९ र १ स्थित केन्द्रीय टर्मिनल बसपार्क भरतपुर र नारायणगढ बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यको लागि आ.व. ०७८/०७९ देखि ०८०/०८१ सम्म ३ आर्थिक वर्षको लागि मूल्याङ्कन समितिवाट सिफारिस भई आए बमोजिम इजाजत प्राप्त कम्पनी आर्जन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. भरतपुर, चितवनका प्रोपाइटर श्री अशिम भट्टराईसँग महानगरपालिकाले प्रकाशित गरेको सूचना र दोस्रो पक्षले तीन आर्थिक वर्षका लागि कवोल गरेको रकम रु १२ करोड ५५ लाख ४४ हजार २४४ रुपैयाँ पैसा १३ महानगरपालिकाले सम्झौताका लागि तय गरेका शर्तहरु र प्रचलित कानुन बमोजिम हुनेगरी दोस्रो पक्षसँग सम्झौता गर्ने निर्णय गरियो।

६. यस महानगरपालिकामा रहेको बेरूजु फछ्र्यौट एवम् सम्परीक्षण गरी शून्य बेरुजु बनाउन सम्बन्धित महाशाखाबाट आवश्यक कार्यतालिका बनाई बेरुजु फछ्र्यौटमा तदारूकता देखाउन निर्देश गर्ने निर्णय गरियो।

७. यस महानगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रगति समीक्षा मिति २०७८/०४/२५ गते गर्ने निर्णय सर्वसम्मत गरियो।

८. यस महानगरपालिकाको लागि आ.व. २०७८/७९ को प्रस्तुत नगर दररेट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

९. यस महानगरपालिकाको वातावरण शाखाको सरसफाइमा दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारी फोहोर व्यवस्थापन गर्ने सिलसिलामा लडी घाइते भएको हुँदा निजलाई उपचार बापत रु. १३,६६५/- (अक्षेरुपीः तेह्र हजार छ सय पैंसठ्ठी मात्र) महानगरपालिकाबाट दिने र पछि नगरसभाबाट समर्थन गराउने निर्णय सर्वसम्मतले गरियो।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner